# बुकीपाटनमा 'गोठबास' ले सहज

ढोरपाटन, साउन २१ । ढोरपाटन उपत्यकादेखि करिब साढे चार घण्टाको पैदलयात्रामा पुग्न सकिन्छ, गर्पाछेडा । समुन्द्री सतहदेखि चार हजार मिटरको उचाइमा रहेको गर्पाछेडा बुकीपाटनको पहिलो प्रवेशद्वार हो । भीर, जङ्गार र अग्ला पहाड छिचोल्दै यहाँ पुग्ने पर्यटक थकित हुन्छन् । उपत्यकादेखि लगातारको पैदलयात्रामा गर्पाछेडा पुगेका पर्यटकलाई बिश्रामका लागि गोठबास (गोठस्टे) सञ्चालनमा ल्याइएको छ । केही समय अघिसम्म विश्रामका लागि यहाँ भेडीगोठबाहेक अरु कुनै पनि संरचना थिएन ।

गत वर्षदेखि बुकीपाटनमा पर्यटकको चाप बढ्न थालेपछि गर्पाछेडामा गोठस्टे सञ्चालनमा ल्याइएको हो । अहिले दैनिकजसो औसतमा एक सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन जाने गरेका छन् । विशेष गरी बर्खाको समयमा बुकीपाटन हरियाली देखिने र यहाँबाट अनगिन्ती हिमशृंखलासहित हजारौँको संख्यामा भेडाका बथानको अवलोकन गर्न सकिने हुँदा पर्यटकको आकर्षण बढेको हो ।

बुकीपाटन पुग्ने पर्यटकका लागि खाने र बस्नेको सुविधा नहुँदा उनीहरु भेडी गोठालेसँगै गोठमा रात बिताउने गर्थे । गोठमा रात बिताउँदा चिसोका कारण कति त बिरामीसमेत पर्थे । तर अहिले त्यो समस्याको कम भएको छ । पर्यटकको आगमनमा वृद्धि भएसँगै गत वर्षदेखि ढोरपाटनका सन्देश थापाले बुकीपाटनको प्रवेशद्वार गर्पाछेडामै गोठस्टे सञ्चालनमा ल्याएका हुन् ।

थापासँगै स्थानीय महेन्द्र घर्ती मगरले पनि यस वर्षदेखि गोठस्टे सञ्चालनमा ल्याएका छन् । थापा र घर्ती मगरको गोठस्टे नजिकै छ । ढोरपाटन उपत्यकाबाट जाने पर्यटकलाई उनीहरुले स्वागत गर्छन् । घण्टौँको यात्रापछि गर्पाछेडा पुग्ने पर्यटक लागि गोठस्टे विश्रमस्थल बनेको छ । गोठस्टेबाट पर्यटकले उच्च पहाड, हिमशृंखला



र गोठलाको जनजीवन अनुभूत गर्न पाउँछन् ।

अघिल्लो वर्षको तुलनामा यस वर्ष बुकीपाटन आउने पर्यटक बढेको गोठस्टे सञ्चालक सन्देश थापाले बताए । पछिल्लो समय बुकीपाटन सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचारप्रसार हुन थालेपछि पर्यटक बढ्न थालेको उनको भनाइ छ । बुकीपाटन गोठस्टे सञ्चालन गर्नुको मुख्य उद्देश्य यस क्षेत्रको प्रवर्द्धन गर्नु र पर्यटकको सेवा गर्नुभएको उनी बताउँछन् । गोठस्टेमा बास बस्ने पर्यटकलाई ढोरपाटनमा उत्पादन भएको आलु, बुकीपाटनमा रहेका भेडा च्याङ्ग्राको मासु, लेकाली साग, आँटो ढिडोलगायतका परिकार खान दिने गरेको थापाले बताए ।

'बुकीपाटनमा पर्यटक आउन थालेको धेरै भएको छैन, केही समय अघिसम्म यो क्षेत्र पर्यटकका लागि ओझेलमै थियो, दुई/तीन वर्षदेखि यहाँ बढी मात्रामा पर्यटक आउन थालेका हुन्, पोहोर सालदेखि मैले गोठस्टेसुरु गरे, यसवर्ष अर्को एक जना साथीले पनि सुरु गर्नुभएको छ,' उनले भने,'पहिले पर्यटक बुकीपाटन आउँदा गोठालासँग गोठमा बस्नु बाध्यता थियो, उहाँहरुलाई खाना र सुत्नका लागि निकै समस्या थियो, अहिले त्यो समस्याको समाधान गरेका छौँ ।'

महेन्द्र घर्तीमगरले गत असार पहिलो सातादेखि गर्पाछेडामा गोठस्टे सञ्चालन गरेका हुन् । ढोरपाटन उपत्यकामा होटल सञ्चालन गर्दै आउनुभएका घर्तीमगरले गोठस्टे सञ्चालन गरेपछि बास बस्न आउने पर्यटक बढेको बताए । गोठस्टेमा आउने पर्यटकले एक रातको बसाइँसँगै खाना र खाजाको रु.दुई हजार पाँच सय शुल्क लिने गरेको उनको भनाइ छ । कोही पर्यटक बिहान ९ बजे बुकीपाटन पुग्ने र साँझ फर्किने गरेको उनले बताए ।

'बुकीपाटनमा पर्यटकको आगमनमा धेरै वृद्धि भएको छ, सडकको पहुँच नभएको हुँदा पदमार्गमार्फत यहाँ आउनुपर्छ, हिँडेर आउँदा धेरैलाई थकान लाग्छ, त्यति मात्रै होइन यो ठाउँ उच्च क्षेत्रमा पर्ने हुँदा लेक लाग्छ, केही त बिरामी पर्नुहुन्छ,'घर्ती मगरले भने,'बुकीपाटन आउँदा स्वास्थ्यको ख्याल गरेर आउनुपर्छ, हामीहरुले गोठस्टेमा आउने पर्यटकका लागि सामान्य प्राथमिक उपचारको व्यवस्थाप गरेका छौँ, अब पर्यटकलाई पहिलेको जस्तो गोठमा बस्नुपर्ने अवस्था छैन ।'

गर्पाछेडाबाट फागुने, टीकाधार, लगायतका स्थानमा पुग्न सकिन्छ । गोठस्टेले बुकीपाटन आउँदा बसाइ र यहाँको घुमफिरलाई सहज बनाइ दिएको पोखरा महानगरपालिका-७ बाट आउनुभएका मुकेश सुब्बाले बताए । बुकीपाटनमा आफू पहिलो पटक चार वर्ष अगाडि आएको भन्दै त्यस बेला गोठमै बसेर फर्किएको उनले सुनाए । गोठस्टेमा होटलको जस्तो सुविधा नभए पनि बास बस्न र खाना खानका लागि धेरै सहज भएको उनको भनाइ छ । रासस

# वर्षे सुरक्षामा जुट्यो निकुञ्ज

चितवन, साउन २१ । वर्षात्को समयमा हुन सक्ने चोरीशिकार नियन्त्रणका लागि चितवन राष्ट्रिय निकुञ्ज वर्षे रणनीतिका साथ जुटेको छ । वर्षात्को समयमा निकुञ्जको सबै भूभागमा सहज रूपमा पुग्न कठिन हुने भएकाले सोहीअनुसारको रणनीति तयार गरी निकुञ्ज सुरक्षामा जुटेको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार निकुञ्ज भित्रको संवेदनशील ३० ठाउँमा 'स्पाई क्यामरा' जडान गरिएको छ । नियमित रूपमा क्यामरामार्फत वरपरको अवस्थाका बारेमा नियमन गर्ने काम भइरहेको उनले बताए । निकुञ्जभित्र सडक सञ्जाल बिग्रने भएकाले यो समयमा पर्यटकका लागि जीप सफारीसमेत बन्द गरिएको जनाउँदै उनले झाडी बढ्ने भएकाले पैदल र गाडीबाट कतिपय ठाउँमा गस्ती गर्न कठिन हुने भएपछि ती ठाउँमा अधिकतम हात्तीको प्रयोग गर्न थालिएको उल्लेख गरे ।

'निकुञ्जभित्र ५८ वटा पोष्ट छन् । ती पोष्टमा निकुञ्जको सुरक्षार्थ खटिएका नयाँ गोरख गणका सेना र निकुञ्जका कर्मचारी बस्छन् । करिब आधा पोष्टमा सुरक्षाका लागि हात्ती राखिएको छ । ती हात्तीमार्फत निकुञ्जमा गस्ती गरिन्छ,' सूचना अधिकारी मगरले भने । अहिले हात्ती र डुङ्गाको गस्ती बढाइएको उनको भनाइ छ । 'राप्ती र नारायणी नदीमा डुङ्गामार्फत गस्ती गरिन्छ । रात बिताउने गरी गस्ती गरिने ठाउँहरू यो समयमा बढाइएको छ ।

यसलाई 'एम्बुस' भनिन्छ । यो टोली मचानहरूमा बसेर निकुञ्जको सुरक्षा गर्छन्,' मगरले भने । दैनिक रूपमा पैदल, साइकल, कतिपय अवस्थामा मोटरसाइकल र गाडीबाट गरिने नियमित गस्ती निरन्तर भइरहेको निकुञ्ज कार्यालयले जनाएको छ । यसका अतिरिक्त मध्यवर्ती क्षेत्रमा स्थानीय उपभोक्ता समिति र चोरीशिकार नियन्त्रण युवा समूहमार्फत चोरीशिकार नियन्त्रणको काम भइरहेको थापामगरले जानकारी दिए । उनका अनुसार ड्रोनमार्फत पनि खुल्ला ठाउँहरूमा गस्ती भइरहेका छन् ।

यो निकुञ्ज दुर्लभ एकसिङ्गे गैँडा, बाघलगायत वन्यजन्तुका लागि प्रख्यात मानिन्छ । यहाँ बाघ र गैँडा हेर्न स्वदेश तथा विदेशबाट पर्यटक आउने गर्दछन् । वर्षात्को समयमा सामुदायिक वनहरूमा मात्रै जीप सफारी हुने गर्दछ । निकुञ्जमा मानव चहलपहल कम भएको बेला चोरीशिकारी बढ्न सक्ने भन्दै निकुञ्जले सुरक्षा रणनीतिलाई फरक ढङ्गले परिचालन गरेको हो ।


# क्याननमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगदसहित सम्मान

बुटवल, साउन २१



(मेसस) । क्यानन सेकेन्डरी स्कुलका विद्यार्थी राजेश पौडेलले कक्षा १२ को परीक्षामा ३.९६ जीपीए ल्याएर उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीलाई सम्मान गरेको छ । विज्ञान संकायबाट उत्कृष्ट नतिजा ल्याउने राजेशलाई विद्यालयले नेपाल प्रथम भएको दाबी गर्दै १५ हजार रुपैयाँ नगदसहित सम्मान गरेको हो । कपिलवस्तु घर भएका राजेश कक्षा ११ र १२ बुटवलको क्याननमा अध्ययन गरेका हुन् । सम्मान कार्यक्रममा राजेशले अबको लक्ष्य नेपालमै कम्प्युटर इन्जिनियरिङ अध्ययन गर्ने बताएका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थानेश्वर पौडेलले निजी क्षेत्रको पहलमा सन् २०५३ सालमा स्थापना गरिएको क्यानन सेकेन्डरी स्कुलले शिक्षाको गुणस्तरमा निरन्तर ध्यान दिँदै आएको बताए । विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीका अनुसार विद्यालयले प्रविधिमैत्री शिक्षण पद्धति अपनाउँदै आएको छ । 'प्रत्येक कक्षाकोठामा स्मार्ट बोर्ड र क्याबिनेटसहितको पूर्वाधार छ । गुणस्तरीय शिक्षा दिने हाम्रो प्रयास सफल भइरहेको छ,' उनले बताए । उनका अनुसार कक्षा १२ मा विज्ञान र व्यवस्थापन संकाय गरी कुल १९९ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । विज्ञानतर्फ २९ जना सबै उत्तीर्ण, व्यवस्थापनतर्फ १२० जनामध्ये ८० प्रतिशत उत्तीर्ण भएका छन् ।




## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २२ गते विहिबार)

यस विकास बैंकको शाखा कार्यालय गोपिगंजबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| क) ऋणीको विवरण |
|---|
| राम नारायन लोनियाको बुहारी पन्नालाल लोनियाको पत्नी नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **सकुन्तला देवी लोनिया** (ना.प्र.नं. : ४९३३६ जारी मिति र जिल्ला : २०५५/११/२६, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) राम सदेव कोइरीको नाति राम नरेश कोइरीको छोरा नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **परभु कोइरी** (ना.प्र.नं. : ६१६९२ जारी मिति र जिल्ला : २०५८/०९/२५, नवलपरासी) |
| २) मन्नु लोनियाको नाति राम नारायन लोनियाको छोरा नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **पन्नालाल लोनिया** (ना.प्र.नं. : ३१६ जारी मिति र जिल्ला : २०४४/११/१८, नवलपरासी) |
| **ख) ऋणीको विवरण** |
| दिनानाथ कोईरीको छोरी रामनरेश कोइरीको बुहारी परभु कोइरीको पत्नी नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **संगीता देवी कोईरी** (ना.प्र.नं. : ४२५८ जारी मिति र जिल्ला : २०६२/०९/१५, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) राम सदेव कोइरीको नाति राम नरेश कोइरीको छोरा नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **परभु कोइरी** (ना.प्र.नं. : ६१६९२ जारी मिति र जिल्ला : २०५८/०९/२५, नवलपरासी) |
| २) साहेब केवटको छोरी रामबली केवटको बुहारी गोबिन्द केवटको पत्नी नवलपरासी जिल्ला पक्लिहवा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सुस्ता गा.पा. वडा नं. ५ बस्ने **ज्ञान देवी केवट** (ना.प्र.नं. : ३६३०४३/११०४ जारी मिति र जिल्ला : २०६३/११/१९, नवलपरासी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## शिक्षक आवश्यकता

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०४/२० को निर्णय र बुटवल उपमहानगरपालिकाको च.नं. ६४३१ मिति २०८२।२।२३ र च.नं. ३५६ मिति २०८२/०४/२० को अनुमति पत्रानुसार रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी, अस्थायी करार कम्प्युटर विषय शिक्षक पद र स्टाफ नर्स पदमा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

- **विज्ञापन नं.** : १/२०८२/०८३
- **पद** : शिक्षक र स्टाफ नर्स
- **पद संख्या** : १/१
- **विषय** : कम्प्युटर र नर्सिङ्ग
- **किसिम** : नगर अनुदान
- **तह** : माध्यमिक
- **शैक्षिक योग्यता** : B.SC. CSIT/B.Ed. ICT र नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्ने । नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भएको स्टाफ नर्स हुनुपर्ने ।
- **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।
- **आवेदन शुल्क** : रु. २०००/- र १५००/-
- **तलव स्केल** : स्थानीय सरकारको प्रचलित नियमानुसार ।
- **दरखास्त आइपुग्ने अन्तिम मिति** : २०८२/०५/०५ विद्यालय समय ।
- **सम्पर्क मिति**: २०८२/०५/०६ गते ।
- **परीक्षा मिति**: सम्पर्क मितिमा तोकिनेछ ।
- **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता (आवश्यक परेमा कक्षा अवलोकन) ।
- **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र कम्प्युटर विषयका लागि स्थायी अध्यापन अनुमतिपत्रको प्रमाण प्रतिलिपि ।
- म्याद नाघी आएको र रीत तथा प्रमाण नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

प्रधानाध्यापक
**श्री नहरपुर माध्यमिक विद्यालय**
बुटवल-११, नहरपुर, रुपन्देही, सम्पर्क नं. : ०७१-५०९०६२, ९८५७०२५३६२

## मालपोत कार्यालय अर्घाखाँचीबाट हुमकला भुसालका नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०८२।०४।२१ मा जारी भएको ३५ दिने सार्वजनिक सुचना

जिल्ला अर्घाखाँची सन्धिखर्क वडा १ बस्ने इश्वरी प्रसादकी नातिनी राम प्रसादकी छोरी इन्दिरा भुसालले आफ्नो माइती (जिल्ला अ.खा. सन्धिखर्क १ बस्ने) आमा हुमकला भुसालका नाममा दर्ता श्रेस्ता कायम रहेका तपशिलमा उल्लेखित जग्गा नामसारी गरिपाऊ भनि सन्धिखर्क नगरपालिका वडा नं. १ को च.नं. ९४ मिति २०८२।०४।१९ को किटानी सिफारिस सहित माग निवेदन पेश गरेकोमा मिसिल सामेल प्रमाण कागज हेर्दा जग्गाधनि हुमकला भुसालको मिति २०७८।०२।१४ मा मृत्यु भएको निजको श्रीमान राम प्रसाद भुसालको पनि मिति २०६०।१०।१३ गते मृत्यु भएको निज दम्पत्तिका कोखबाट एक भाइ छोरा र दुई बहीनी छोरीहरु जेठी दुर्गा देवी घिमिरे र कान्छी इन्दिरा भुसाल भएकोमा म कान्छी छोरीले आमालाइ पालन पोषण औषधी उपचार शेषपछि घाटगंगा काजक्रिया गरेकी हु अन्य कसैको हकदावी पर्दैन भनी उक्त जग्गा मेरो नाममा नामसारी गरी पाउ भनी निवेदन माग गर्न आएकाले छोरा रमेश प्रसाद भुसालको पनि मिति २०८०।०९।०५ मा मृत्यु भईसकेको निज मृतक राम प्रसाद भुसालकी श्रीमतीले दोस्रो विवाह गरी अन्यत्र गइसकेकाले कोही हकदार छन् छैनन् ? माग बमोजिम नामसारी गरिदिन मिल्छ मिल्दैन ? माग बमोजिम नामसारी गरिदिन नमिल्ने भएमा वा कोही कसैको दावी विरोध भएमा वा अन्य कोही हकदार भएमा यो सुचना जारी भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा स-प्रमाण सहित आउनुहोला अन्यथा तपशिलको जग्गा निवेदकको माग बमोजिम नामसारी भै जाने व्यहोरा सम्बन्धित सवैको लागि सुचित गरिन्छ ।

तपशिल

| सि. नं. | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सन्धिखर्क नगरपालिका | १ | ९६१५ | ६३.५८९ व.मी. | खर पा.सी. | जग्गाधनिको नाम: हुमकला भुसाल नामसारी माग गर्ने: इन्दिरा भुसाल |




## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Airconditioner | Wall Mounted Invertor | GREE | GWH24AGDXE-K6DNA4C | 2.0 TR | China | Set | 130,000.00 | 130,000.00 | |
| 2 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD71T1/B-S+GUD71W1/NhB-S | 2.0 TR | China | Set | 195,000.00 | 195,000.00 | |
| 3 | Airconditioner | Ductable Invertor | GREE | FGR20Pd/Dna-X | 6.0 TR | China | Set | 670,000.00 | 670,000.00 | |
| 4 | Airconditioner | Ductable Invertor | GREE | UMD250W/A-X(P)+UMD250PH/A-S(P) | 8.0 TR | China | Set | 710,000.00 | 710,000.00 | |
| 5 | Airconditioner | Ductable Invertor | GREE | GUD71PHS1/B-S+GUD71W1/NhB-S | 2.0 TR | China | Set | 175,000.00 | 175,000.00 | |
| 6 | Airconditioner | Ductable Invertor | GREE | GUD125PHS1/B-S+GUD125W1/NhB-X | 4.0 TR | China | Set | 305,000.00 | 305,000.00 | |
| 7 | Airconditioner | Floor Standing Invertor | GREE | GVH24AMXF-K3DTC7C | 2.0 TR | China | Set | 190,000.00 | 190,000.00 | |
| 8 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD50T1/B-S+GUD50W1/NhB-S | 1.5 TR | China | Set | 150,000.00 | 150,000.00 | |
| 9 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD100T1/B-S+GUD100W1/NhB-S | 3.0 TR | China | Set | 215,000.00 | 215,000.00 | |
| 10 | Airconditioner | Ceiling Cassette Invertor | GREE | GUD125T1/B-S+GUD125W1/NhB-X | 4.0 TR | China | Set | 315,000.00 | 315,000.00 | |
| 11 | Airconditioner | VRF Unit | GREE | GMV-ND100T/C-T | 2.8 TR | China | Set | 110,000.00 | 110,000.00 | |
| 12 | Airconditioner | VRF Unit | GREE | GMV-ND125T/C-T | 3.5 TR | China | Set | 113,000.00 | 113,000.00 | |
| 13 | Airconditioner | VRF Unit | GREE | GMV-ND50T/C-T | 1.5 TR | China | Set | 102,500.00 | 102,500.00 | |
| 14 | Airconditioner | VRF Unit | GREE | GMV-ND71T/C-T | 2.0 TR | China | Set | 104,500.00 | 104,500.00 | |
| 15 | Airconditioner | VRF Unit | GREE | GMV-ND80T/C-T | 2.2 TR | China | Set | 107,000.00 | 107,000.00 | |

बिक्रेता फर्मको नाम : **कि कन्सेप्ट नेपाल प्रा.लि.**
ठेगाना : न्यूरोड, काठमाण्डौं, नेपाल, फोन नं. : ०१-५३३८२५६

एक्जीम कोड नं. :3044880850105NP